# अमूर्त साँस्कृतिक सम्पदा र दिगो विकास







# अमूर्त

© स्टेफन पर्सिमळ

अमूर्त सँाँस्कृतिक सम्पदा महासन्धिले 'साँस्कृतिक विविधताको प्रेरणादायी मुख्य कडि र दिगो विकासको प्रत्याभूतका रूपमा अमूर्त साँस्कृतिक सम्पदाको महत्व'लाई स्वीकार गरेको छ ।

दिगो विकासका लागि २०३० एजेण्डाले विकासका मार्गहरूलाई सबै तहहरूमा जानकारी गराउने अत्यन्तै अन्तरनिर्भर कार्यक्षेत्रहरूका रूपमा रहेका १७ वटा लक्ष्यहरूका माध्यमबाट दिगो विकासका तीनवटा आयामहरू – आर्थिक, सामाजिक र वातावरणीय – लाई सम्बोधन गर्दै तथा तीनवटा मौलिक सिद्धान्तहरू – मानव अधिकार, समानता र दिगोपना – लाई सम्मान गर्दै कार्ययोजना बनाएको छ । अमूर्त साँस्कृतिक सम्पदाले दिगो विकासका तीनवटै आयामहरूका साथै दिगो विकासका अपरिहार्य पूर्वशर्तका रूपमा रहेका शान्ति र सुरक्षाका आवश्यकताहरूलाई पुरा गर्न प्रभावकारी रूपमा योगदान पुऱ्याउन सक्छ ।

दिगो विकासमा अमूर्त साँस्कृतिक सम्पदाको स्थानलाई सबैभन्दा राम्रोसँग कसरी बुझ्न सकिएला ता कि यसको योगदानलाई मान्यता दिन एवं पूर्णरूपले महशुस गर्न सकियोस् ?



©भाइस मिनिस्टेरियो डि कल्चरा



©भाइस मिनिस्टेरियो डि कल्चरा

# साँस्कृतिक सम्पदा र दिगो विकास

शान्ति र सुरक्षासँगै दिगो विकासका आर्थिक, सामाजिक र वातावरणीय आयामहरू छुट्टाछुट्टै कार्यक्षेत्रहरू होइनन्, बरू तिनीहरू एकअर्कासँग अत्यन्तै अन्तरनिर्भर रहेका कार्यक्षेत्रहरू हुन् । यी वृहत उद्देश्यहरूको प्राप्तीका लागि सबै आयामहरूलाई सकरात्मक रूपमा मिलाइएको समग्र कार्यपद्धतिमा आधारित नीतिको आवश्यकता पर्दछ । अमूर्त साँस्कृतिक सम्पदाले दिगो विकासका सबै आयामहरूमा योगदान पुऱ्याउँछ, त्यसैले यदि विश्वभरिका समुदायहरूले हामी सबैका लागि भविष्य चाहन्छौँ भनेर सधैँ महसुस गर्दछन् भने यसको संरक्षण गर्नु अत्यन्तै जरूरी छ ।

## समावेशी सामाजिक विकास

दिगो खाद्य सुरक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित खाने पानी तथा सरसफाइमा पहुँच, सबैका लागि गुणस्तरीय शिक्षा, समावेशी सामाजिक सुरक्षा प्रणाली र लैङ्गिक समानताबिना समावेशी सामाजिक विकास लक्ष्य प्राप्त गर्न सकिँदैन । समावेशी शासन व्यवस्था र मानिसहरूले उनीहरूको आफ्नै मूल्य पद्धतिको चयन गर्ने स्वतन्त्रताले यी लक्ष्यहरूलाई टेवा पुऱ्याएकै हुनुपर्छ ।

मानव समाजले विभिन्न कालखण्ड र स्थानमा उनीहरूका मौलिक आवश्यकता र सामाजिक सवालहरूलाई सम्बोधन गर्नका लागि प्रकृति र सामाजिक अभ्यासहरूसँग सम्बन्धित ज्ञान र प्रचलनहरू लगायत उनीहरूका अमूर्त साँस्कृतिक सम्पदाहरूको निरन्तर रूपमा विकास तथा समायोजन गर्दै आएकोछ । परम्परागत स्वास्थ्य अभ्यासहरू, खाद्य तौरतरिका, पानी व्यवस्थापनका अभ्यासहरू, सामाजिक भेला, उत्सव तथा ज्ञान हस्तान्तरण पद्धतिले समुदायका लागि समावेशी सामाजिक विकास प्राप्त गर्नमा अपरिहार्य भूमिका खेल्दछन् ।

**अमूर्त साँस्कृतिक सम्पदा खाद्य सुरक्षा लक्ष्य प्राप्तीका लागि महत्वपूर्ण हुन्छ ।** परम्परागत खाद्य तौरतरिका तथा स्थानीय खेतीपाती, चौरचरण, मत्स्यपालन, शिकार, खाद्य-संकलन र खाद्य संरक्षण प्रणालीले खाद्य एवं पोषण सुरक्षामा निकै ठूलो योगदान पुऱ्याउन सक्छन् । समुदायहरूले उनीहरूको विशेष ग्रामीण जीवन र वातावरणको व्यापक पद्धतिमा आधारित यथेष्ट परम्परागत ज्ञान सङ्कलन गरेका छन् । उनीहरूको प्रविधि विभिन्न प्रकारका अन्नबाली, वनस्पति र जनावरको उपयोगका साथै ओसिलो, उत्तरीवायु युक्त, सुख्खा वा समशीतोष्ण स्थानमा अवस्थित उनीहरूको जमीन तथा प्राकृतिक वातावरणका बारेमा उनीहरूसँग भएको विशुद्ध ज्ञानमा आधारित हुन्छ । उनीहरूले खाद्यप्रविधिका साथै उत्पादन र संरक्षण प्रणालीको विकास गरेका छन्, जुन विविधतायुक्त हुनुका साथै यी स्थान र वातावरणीय परिवर्तनमा समेत अनुकूल बनेका छन् । विश्वव्यापी रूपमा परिवारको ठूलो संख्या कृषि प्रणालीमा निर्भर रहन्छ जसले माटोको उर्वरता बढाउने, विविध प्रकारका आहारहरू प्रदान गर्ने तथा पर्याप्त मात्रामा पोषण र वृहत्तर स्वास्थ्य उपलब्ध गराउँदछ । विश्वभरिका धरै समुदायलाई खाद्य पर्याप्तता र सुरक्षाका साथै गुणस्तरीय पोषणको सुनिश्चित गर्न यी प्रणालीहरूको निरन्तर सुदृढिकरण तथा जीवन्तता अत्यन्तै महत्वपूर्ण छ ।

**परम्परागत स्वास्थ्य अभ्यासहरूले सबैको समृद्धि र गुणस्तरीय स्वास्थ्य सेवामा योगदान पुऱ्याउन सक्छन् ।** समुदायले विश्वव्यापी रूपमा अक्सर गरेर स्थानीय प्राकृतिक स्रोतको प्रयोगका आधारमा प्रभावकारी तथा सुलभ थेरापीहरू प्रदान गर्दै विविध प्रकारका स्वास्थ्य सम्बन्धी ज्ञान एवं अभ्यासहरूको विकास गरेका छन् । उदाहरणका लागि, हजारौँ वर्ष देखि जडिबुटी विशेषज्ञहरू मानिसहरूलाई प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने महत्वपूर्ण प्रदायक बन्दै आएका छन् । औषधीजन्य वनस्पतिको प्रयोगसँग सम्बन्धित परम्परागत ज्ञान तथा अभ्यासहरू बिरामीको उपचार गरिएको अनुभवमा आधारित हुन्छन् । उदाहरणका लागि, तान्जानियाको टाँगा जिल्लामा जडिबुटी विशेषज्ञ, मातृशिशु कार्यकर्ता र परम्परागत मानसिक स्वास्थ्य विशेषज्ञहरू लगायतका उपचारकहरूले शारीरिक तथा मनोवैज्ञानिक रोगको उपचारसँग सम्बन्धित ज्ञानमा विशेषज्ञता प्राप्त गरेका छन् । अन्य औषधीहरू सजिलै प्राप्त नहुने विकट ग्रामीण क्षेत्रहरूमा





*पहिचान तथा समुदायसँगको सम्बद्धताको भाव प्रदान गरी खाद्यान्नले महोत्सवहरूमा मुख्य तत्वका रूपमा काम गर्दछ ।*



© युनेस्को । इज्याक अमोरो २०११



© युनेस्को । इज्याक अमोरो २०११

**विश्वव्यापी रूपमा परिवारको ठूलो संख्या कृषि प्रणालीमा निर्भर रहेको छ, जसले माटोको उर्वरता बढाउने, विविध प्रकारका आहारहरू तथा पर्याप्त मात्रामा पोषण र बृहत्तर स्वास्थ्य प्रदान गर्दछ ।**

समेत यस प्रकारका उपचारहरू सुलभ र सहजै प्राप्त हुन्छन् । यस प्रकारको उपचारात्मक ज्ञानलाई मान्यता दिने, सम्मान गर्ने तथा यसको अभिवृद्धि गर्ने कुराको सुनिश्चित गर्नु र भावी पुस्ताका लागि यसको हस्तान्तरणलाई निरन्तरता दिनु अति महत्वपूर्ण हुन्छ, खास गरेर, जहाँ समुदायहरूलाई सबैभन्दा बढी यस्तै स्वास्थ्य सेवा उपलब्ध हुनेगर्दछ । अन्य स्वास्थ्य सेवाहरू उपलब्ध हुने ठाउँहरूमा विशिष्ट आध्यात्मिक मूल्यहरूसहित सामाजिक-साँस्कृतिक संरचनामा गहिरोसँग अन्तरनिहित परम्परागत ज्ञान एवं अभ्यासहरूले परिपुरकका रूपमा काम गर्नुकासाथै मानिसका रूचीहरू विस्तार गर्ने काम गर्दछन् ।

खास गरेर कृषि र अन्य जनजीविकाका क्षेत्रमा **पानी व्यवस्थापनसँग सम्बन्धित परम्परागत अभ्यासहरूले सफा पानी र पानीको दिगो प्रयोगको समतामूलक पहुँचमा योगदान पुऱ्याउन सक्छन् ।** इतिहासकालदेखि नै स्थानीय समुदायले आफूमा भएको गहिरो विश्वास तथा परम्पराबाट निर्देशित हुँदै दिगो पानी व्यवस्थापनका अभ्यासहरूलाई आकार प्रदान गर्न तथा सबैका लागि सफा पानीसम्मको पहूँचको लक्ष्य प्राप्त गर्ने उनीहरूको क्षमता प्रमाणित गर्दै आएका छन् । उदाहरणका लागि, मेक्सिकोको चियापास स्थित सान क्रिस्टोवल डि लस सेसासमा पानी व्यवस्थापन प्रणाली पवित्र जगत र साँस्कृतिक परम्पराको जटिल मायान बुझाईमा आधारित छ । मायाहरू मानव जलचक्रको अभिन्न हिस्सा बन्दछ र उनीहरूको प्राकृतिक शारीरिक तरल पदार्थको माध्यमबाट (पानीको) स्रोत नविकरणमा निरन्तर योगदान पुऱ्याउने विश्वास गर्दछन् । यसरी, पानीलाई वस्तुका रूपमा भन्दा पनि सामुदायिक स्रोतका रूपमा लिइन्छ, र पानी आपूर्तिको व्यवस्थापन समग्र समुदायको जिम्मेवारी हुन्छ । धेरै जसो समुदायका लागि, यस्तो प्रणालीले केवल सफा पानीको पहूँच निर्माण गर्ने भएकाले भावी पुस्ताका लागि यसको हस्तान्तरणलाई निरन्तरता दिनु महत्वपूर्ण हुन्छ । अन्यत्र समेत पानी आपूर्ति गर्ने वाह्य सेवाप्रदायकहरूमाथि समुदायको परनिर्भरतालाई घटाउने र असहाय परिवारहरूका लागि सुलभ पनि हुने भएकाले परम्परागत प्रणालीहरू नै अत्यावश्यक हुन्छन् । जलसम्बद्ध वातावरणीय एवं विकासका चुनौतिहरू सम्बोधन गर्न दिगो समाधानका लागि जलस्रोत व्यवस्थापन प्रणालीको विविधता र तीसँग सम्बन्धित मूल्यहरूलाई मान्यता दिनु र तिनको सम्मान गर्नुका साथै तिनीहरूको अभिवृद्धि र निरन्तर हस्तान्तरण ज्यादै महत्वपूर्ण हुन्छ ।

**अमूर्त साँस्कृतिक सम्पदाले शैक्षिक विषयवस्तु र विधिको जीवन्त उदाहरण उपलब्ध गराउँदछ ।** समुदायले खास गरेर उनीहरूका प्राकृतिक तथा सामाजिक वातावरणसँग सम्बन्धित ज्ञान, जीवनोपयोगी सिप तथा दक्षताहरूलाई व्यवस्थित गर्न र भावी पुस्तालाई हस्तान्तरण गर्न आवश्यक उपायहरू निरन्तररूपमा प्रवर्तन गर्दै आएका छन् । औपचारिक शिक्षा पद्धति भएका ठाउँहरूमा पनि धेरै मात्रामा हस्तान्तरणको यस्तो ज्ञान र परम्परागत विधि राम्रैसँग प्रयोगमा आएको छ । ब्रम्हाण्डशास्त्र र भौतिकशास्त्रदेखि स्वास्थ्य र प्राकृतिक स्रोतको दिगो प्रयोगसम्म; मानव जीवनचक्र देखि द्वन्द्व एवं तनाव समाधानसम्म; आत्म एवं समाजमा आफ्नो स्थानको बोध देखि साझा स्मरणको निर्माणसम्म; वास्तुशास्त्र देखि निर्माण सामाग्री विज्ञान लगायत विभिन्न विधाहरूमा यसप्रकारका ज्ञान एवं विधिहरू फैलिएका छन् । सबैका लागि गुणस्तरीय शिक्षाले युवा पुस्तालाई तिनीहरूको साँस्कृतिक पहिचानसँग अति मजबुतसँग गाँसिएर रहेको यस्तो समृद्ध स्रोतबाट कुनै पनि हालतमा अलग्याउनु हुँदैन । त्यसैले, गुणस्तरीय शिक्षाले अमूर्त साँस्कृतिक सम्पदाद्वारा प्रदत्त यस्तो सम्पत्तिलाई मान्यता दिनु पर्दछ । एकातर्फ यसलाई सान्दर्भिक सबै विधाहरूमा शैक्षिक कार्यक्रमहरूको विषयवस्तुका रूपमा यथासंभव पूर्णरूपले एकीकृत गरेर र अर्कोतर्फ शैक्षिक प्रणालीभित्र अमूर्त साँस्कृतिक सम्पदा हस्तान्तरणका परम्परागत विधिविधानहरूका संभावनाहरूलाई प्रयोग गर्ने अवसरहरू खोतल्दै यसका शैक्षिक संभावनाहरूलाई उपयोग गर्नु पर्दछ ।

**अमूर्त साँस्कृतिक सम्पदाले सामाजिक सदभाव र समावेशीकरणको सुदृढिकरणमा मद्दत पुऱ्याउन सक्छ ।** सामाजिक अभ्यासहरू, रीतिरिवाज तथा चाडपर्वहरूले समुदाय एवं समूहको जीवनलाई एउटा संरचनामा ढाल्नुका साथै उनीहरूको सामाजिक संरचनालाई समावेशी ढंगले सुदृढिकरण गर्न मुख्य भूमिका खेल्न सक्छन् । उदाहरणका लागि, संगीत, नृत्य र शिल्पकला संलग्न फ्रेभो भनिने ब्राजिलको कलात्मक अभिव्यक्तिले क्याथोलिक लेन्टका अवसरमा आयोजना हुने महामेलाभर मनोरञ्जनात्मक क्रियाकलापहरूका लागि समाजका सबै तहका मानिसहरूलाई एकै ठाउँमा भेला पार्दछ । रेसाइफीका वासिन्दाहरूलाई उनीहरूको पहिचान र ऐतिहासिक निरन्तरताको अर्थ प्रदान गरेर र लिंग, रंग, वर्ग र स्थानीयताका आधारमा रहेका फरकपनाहरूभन्दा माथि उठेर सामुदायिक मूल्यहरूको सुदृढिकरण गरी फ्रेभोले उनीहरूको साझा सम्पदाका रूपमा काम गरिरहेको छ । फ्रेभो संगीतको ताल र लयमा सबै पृष्ठभूमिका मानिसहरू सँगसँगै नृत्य गर्दछन् । स-साना भेलाहरू देखि ठूल्ठूला उत्सव र महामेलाहरूसम्म थुप्रै सामाजिक अभ्यासहरूले अभ्यासकर्ताहरूको साझा पहिचानलाई आकार प्रदान गरी सामाजिक सम्बन्ध र समुदायको सामाजिक सदभावलाई बलियो बनाउँदछन् ।

**अमूर्त साँस्कृतिक सम्पदा लैङ्गिक भूमिका र पहिचान निर्माण र हस्तान्तरणमा निर्णायक हुन्छ र त्यसैले लैङ्गिक समानताका लागि यो महत्वपूर्ण छ ।** अमूर्त साँस्कृतिक सम्पदाका माध्यमबाट नै समुदायल लैङ्गिकतासम्बन्धी उनीहरूका मूल्य, आदर्श र अपेक्षाहरू हस्तान्तरण गर्दछन् र समुदायका सदस्यहरूको लैङ्गिक पहिचान बन्दछ । यसका अतिरिक्त, सम्पदाका विशेष अभिव्यक्तहरूको पहूँच र सहभागिता प्रायः ति लैङ्गिक मान्यताहरूले निर्धारण गर्दछन् । उदाहरणका लागि परम्परागत शिल्पकलाको उत्पादन अक्सर गरेर लैङ्गिक विशेष श्रम विभाजनमा निर्भर रहन्छ भने अभिनय कलाहरू लैङ्गिक अपेक्षा र भूमिकाको सार्वजनिक अभिव्यक्तिका लागि विशेष लाभप्राप्त स्थानहरू हुन् । अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा सामाजिक तथा वातावरणीय परिवर्तन अनुकूल भए जस्तै लैङ्गिक भूमिका पनि परिवर्तन हुन्छन् । समुदायका लैङ्गिक सम्बन्धहरूमा निरन्तर संझौता भैरहेको हुन्छ । यसरी अमुर्त साँस्कृतिक सम्पदाको अभ्यासका माध्यमबाट लैङ्गिक विभेदलाई परास्त गर्ने अवसरहरूको प्रारम्भ गर्दै तथा वृहत् लैङ्गिक समानताका लागि अघि बढ्नु पर्दछ । बहुसाँस्कृतिक समुदायहरू जसका सदस्यहरूले लैङ्गिकताका बारेमा साझा अवधारणा बनाएका हुँदैनन्,



©माइस मिनिस्टेरियो डि कल्चरा

*समुदायले खास गरेर उनीहरूका प्राकृतिक तथा सामाजिक वातावरणसँग सम्बन्धित ज्ञान, जीवनोपयोगी सिप तथा दक्षताहरूलाई व्यवस्थित गर्न र भावी पुस्तालाई हस्तान्तरण गर्न आवश्यक उपायहरू निरन्तररूपमा पत्ता लगाउँदै आएका छन् ।*

उनीहरूकाबीच परस्पर दृढ विश्वास तथा सहनशीलता जागृत गर्न र वृहत्तर लैंगिक समानताको प्राप्ति कसरी गर्न सकिएला भन्ने विषयमा सम्बादका लागि साझा स्थलहरू प्रदान गर्न अमूर्त साँस्कृतिक सम्पदाले विशेष गरेर महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

## वातावरणीय दिगोपना

वातावरणीय दिगोपनाका लागि स्थिर जलवायुको सुनिश्चित हुनु, प्राकृतिक स्रोतलाई दिगोरूपमा व्यवस्थापन गर्नु तथा जैविक विविधतालाई संरक्षण गर्नु आवश्यक हुन्छ । यी कुराहरू जलवायु परिवर्तन, प्राकृतिक विपत्ति, अन्तरिक्ष वातावरण र प्राकृतिक स्रोतहरूको सीमाबारेको उत्कृष्ट वैज्ञानिक बुझाईमा भर पर्दछन् । जलवायु परिवर्तन र प्राकृतिक विपत्तिले पार्न सक्ने मानवीय, सामाजिक तथा आर्थिक क्षतिलाई सीमित पार्न जोखिममा रहेका जनसमुदायलाई त्यस्ता विपत्तिहरूसँग जुध्नसक्ने गरी बलियो बनाउनु अत्यन्तै जरूरी हुन्छ ।

अमूर्त साँस्कृतिक सम्पदाको हिस्साका रूपमा पुस्तौँ-पुस्तादेखि संकलित र नवीकरण हुँदै आएका परम्परागत ज्ञान, मूल्य र अभ्यासहरूले मानव समाजलाई हजारौँ वर्षदेखि उनीहरू वरिपरिको प्राकृतिक वातावरणसँग अन्तरक्रिया गर्न मार्ग निर्देश गर्दै आइरहेकाछन् । वातावरणीय दिगोपनामा अमूर्त साँस्कृतिक सम्पदाले पुऱ्याएको योगदानलाई आज जैविक विविधता संरक्षण, प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन र प्राकृतिक विपत्तिको पूर्व-तयारी एवं उद्धार जस्ता धेरै क्षेत्रहरूमा मान्यता दिइएको छ ।

वातावरणसँग सम्बन्धित जीवन्त सम्पदाका रूपमा रहेका अमूर्त साँस्कृतिक सम्पदाका ज्ञान, मूल्य र अभ्यासहरूको समुदायलाई प्राकृतिक विपत्ति र जलवायु परिवर्तनका चुनौतिहरूलाई राम्रोसँग सामना गर्न आवश्यक पर्दा प्राकृतिक स्रोतको अझै दिगो उपयोगका लागि क्रमिकरूपमा विकसित हुने तथा अनुकुल बनाउने क्षमता हुन्छ ।



© २०१० असेर्मौ पीसीआर



© २०१० असेर्मौ पीसीआर

*सामाजिक अभ्यासहरू, रीतिरिवाज तथा चाडपर्वहरूले समुदाय एवं समूहको जीवनलाई एउटा संरचनामा ढाल्नुका साथै उनीहरूको सामाजिक संरचनालाई समावेशी ढंगले सुदृढिकरण गर्न मुख्य भूमिका खेल्न सक्छन् ।*



© २००८ असेर्मौ पीसीआर

**अमूर्त साँस्कृतिक सम्पदाले जैविक विविधता संरक्षणमा मद्दत पुऱ्याउन सक्छ ।** आदिवासी तथा स्थानीय समुदायले जैविक विविधताको संरक्षण र दिगो उपयोगमा मुख्य भूमिका खेल्न सक्छन् । उदाहरणका लागि, केन्यामा खाद्यान्न उत्पादन र बिउविजनको संरक्षणका लागि किकुयू महिलाहरूलाई मुख्य मानिन्छ । परम्परागत रूपमा महिलाहरूले विविध प्रजातिका गेडागुडीहरू एउटै बारीमा उब्जाउँछन् र धेरै बिउविजनहरूलाई रोग र पूर्वानुमान गर्न नसकिने जलवायूको प्रभावबाट जोगाउन वरिपरिबाट झाडीजस्तै घेरेर भण्डारण गर्दछन् । एकलबालीका कारण राष्ट्रिय स्तरमा कृषिजन्य आनुवंशिक स्रोतहरूको दशकौँपछिको असफलतापछि आज बिउविजनहरूका यी भण्डारणहरू मौलिक ज्ञानको बहुमूल्य वानस्पतिक संग्रह बनेका छन् । किसान, पशुपालक, मत्स्यपालक तथा परम्परागत उपचारकहरू, अन्य स्थानीय ज्ञान धारकहरू सहित जैविक विविधताका संरक्षकहरू हुन् ।

**अमूर्त साँस्कृतिक सम्पदाले वातावरणीय दिगोपनामा योगदान गर्न सक्छ ।** मानवीय गतिविधिहरूले विश्वस्तरमा नै प्राकृतिक साधनस्रोतहरूको बढ्दो मात्रामा र तिनको दिगोपनमा नै असर गर्ने गरी दोहन गरिरहेका बेला थुप्रै स्थानीय समुदायहरूले त्यस्ता जीवनशैली तथा अमूर्त साँस्कृतिक सम्पदा अभ्यासहरूको विकास गरेका छन्, जुन प्रकृतिसँग गहन ढंगले गाँसिएका छन् र जसले वातावरणलाई समेत सम्मान गर्दछन् । उदाहरणका लागि, सामोआको कलात्मक ढंगले बुनिएको गुन्द्रीलाई साँस्कृतिक दायित्वलाई पुरा गर्न मुद्राका रूपमा वा औपचारिक अवसरहरूमा परेडका लागि प्रयोग गरिन्छ । समयाक्रममा वातावरण सम्बन्धी परम्परागत ज्ञानको महत्वपूर्ण भाग नै बुनाइसँग सम्बन्धित बन्न पुग्यो । बुनाइमा प्रयोग गरिने मुख्य कच्चा पदार्थ प्रदान गर्ने पाण्डानस (ताडको रूख जस्तै), का विभिन्न प्रजातीहरूको खेती यसैको एउटा उदाहरण हो । यस्तो ज्ञानले सामोआवासीहरूलाई धेरै मात्रामा उनीहरूको समृद्धि प्रकृतिमा नै निर्भर रहन्छ भन्ने जानकारीले उनीहरूलाई आफ्नो वातावरण संरक्षण गर्न मद्दत पुऱ्याउँदछ । वनस्पतिबाट बनेको हुनाले बुनेका

*समयाक्रममा संकलित ज्ञान तथा अभ्यासहरूलाई प्राकृतिक स्रोतको दिगो प्रयोग र जलवायु परिवर्तनका असरहरूलाई कम गर्न प्रयोग गरिएको छ । अमूर्त साँस्कृतिक सम्पदाले यसरी जैविक विविधता संरक्षण गर्न सहयोग गर्न सक्छ र वातावरणीय दिगोपनामा योगदान पुऱ्याउन सक्छ ।*



© जोसेफ लुइस अडेना



© स्टेभन पर्सिभल

*स्थानीय समुदायहरूले त्यस्ता जीवनशैली तथा अमूर्त साँस्कृतिक सम्पदा अभ्यासहरूको विकास गरेका छन् जुन प्रकृतिसँग जटिल ढंगले गाँसिएका छन् र जसले वातावरणलाई समेत सम्मान गर्दछन् ।*



© स्टेभन पर्सिभल



© डर्क भान होम, जिमीन्ते कोकसिज्डे पार्टनभीस्सर्स, ०२ २००७

वस्तुहरू स्वतः गल्दछन् । यसले रोप्नेदेखि बालीनाली थन्काउने, प्रयोग गर्ने र हटाउनेसम्मको प्रक्रियालाई तुलानात्मक रूपमा छरितो बनाउँछ जुन विश्वस्तरमा अधिकमात्रामा प्रयोग गरिएका प्लास्टिक जस्तै वातावरणका लागि हानिकारक अन्य उत्पादनहरूमा हुँदैन ।

**प्रकृतिसँग सम्बन्धित स्थानीय ज्ञान र अभ्यासहरूले वातावरणीय दिगोपना सम्बन्धी अनुसन्धानमा योगदान दिन सक्छन् ।** उदाहरणका लागि परम्परागत मत्स्यपालकहरूसँग भएको रणनैतिक ज्ञानले सामुद्रिक जैविक विविधतासँग सम्बन्धित चुनौतिहरूलाई सम्बोधन गर्न मद्दत गर्न सक्छ । उनीहरूले मौसम अनुकूलका मत्स्य पर्यावरण तथा व्यवहार, बसाईसराई र बासस्थान, माछा समात्ने स्थान र माछा समात्ने अभ्यासहरूकाबारेमा विशुद्ध ज्ञान हाँसिल गरेका छन् । अत्यन्तै विस्तृत, विविध र गतिशील यो ज्ञानले सामुद्रिक जैविक विविधता संरक्षण एवं पुनःस्थापनासँग सम्बन्धित अन्य वैज्ञानिक अनुसन्धानहरूलाई परिपुरकका रूपमा मद्दत पुऱ्याउन सक्छ । स्थानीय समुदाय र अनुसन्धानकर्ताहरूका बीचको अन्तर्राष्ट्रिय सहयोगका साथै राम्रा अभ्यासहरूको आदानप्रदानले वन संरक्षण, कृषि जैविक विविधता संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापन जस्ता विविध क्षेत्रहरूमा वातावरणीय दिगोपना प्राप्त गर्नमा धेरै योगदान पुऱ्याउन सक्छन् ।

**ज्ञान तथा विपत्तिको सामना गर्न सक्ने रणनीतिहरूले प्राकृतिक विपत्तिहरू र जलवायु परिवर्तनका अवस्थामा समुदायमा आधारित समानुकुलनको निमित्त अक्सर गरेर महत्वपूर्ण आधारशिला प्रदान गर्दछ ।** जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपहरूबाट सबैभन्दा पहिला पीडित हुनेहरू स्थानीय समुदायहरू अक्सर गरेर जोखिमयुक्त एवं कठोर वातावरणमा बसिरहेका हुन्छन् । पर्यावरणसम्बन्धी उनीहरूको बुझाई, वातावरणीय एवं जैविक विविधता संरक्षण सिप एवं नियमहरू, प्राकृतिक स्रोत व्यवस्थापन प्रणाली, प्राकृतिक विपत्ति तथा मौसम पुर्वानुमान प्रणाली लगायत प्रकृति र जलवायुसँग सम्बन्धित उनीहरूको ज्ञान तथा अभ्यासहरूले प्राकृतिक वातावरणका प्रकोपहरूसँग जुध्ने रणनीतिहरूको विशाल भण्डार निर्माण गर्दछन् । परिवर्तित परिस्थितिहरू अनुकूल निरन्तररूपमा परिवर्तन गरी विस्तृतरूपमा तयार पारिएका यी रणनीतिहरू समयले परिक्षण गरेका साधनहरू हुन् जसले स्थानीय समुदायलाई प्राकृतिक विपत्तिसँग सम्बन्धित जोखिम न्यूनिकरण गर्न, आवश्यक पर्दा पुनः निर्माण गर्न र जलवायु परिवर्तनअनुसार अनुकूल बन्न सहयोग गर्दछन् ।

## समावेशी आर्थिक विकास

दिगो विकास उत्पादन र उपभोगको दिगो संरचनामा आधारित स्थिर, समतामूलक र समावेशी आर्थिक वृद्धिमा निर्भर रहन्छ । समावेशी आर्थिक विकासले गरिबका रूपमा पहिचान गरिएकाहरूमा मात्रै केन्द्रित नभएर सङ्कटपूर्ण जीवनयापन गरिरहेका कमजोर जनता तथा आर्थिक गतिविधिमा पूर्णरूपले सहभागी बन्नबाट बञ्चित अन्य व्यक्तिहरूलाई समेत ध्यान दिन्छ । यसका लागि उत्पादनमूलक र सन्तोषजनक काम, गरिबी र असमानता न्यूनिकरण, न्यून-कार्बनकासाथै थोरै साधन-स्रोतबाट समेत धेरै आर्थिक विकास हुने स्रोत-प्रभावकारी आर्थिक वृद्धि तथा कल्याणकारी संरक्षण आवश्यक पर्छ । अमूर्त साँस्कृतिक सम्पदाले यस प्रकारको आमूल परिवर्तनका लागि महत्वपूर्ण पुँजी निर्माण गर्दछ । मौद्रिक तथा गैरमौद्रिक दुवै मूल्यका साथमा उत्पादनमूलक गतिविधिहरूको विविधतालाई समेट्दै यसले आर्थिक विकासका लागि प्रेरक शक्ति निर्माण गर्दछ र खासगरेर स्थानीय अर्थतन्त्रको सबलीकरणमा योगदान पुऱ्याउँछ । एउटा जीवन्त सम्पदाका रूपमा यसले परिवर्तनका बावजुत नविनताको महत्वपूर्ण स्रोत स्थापित गर्दछ र स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा समावेशी आर्थिक विकास हाँसिल गर्न मद्दत पुऱ्याउँछ ।

**समूह तथा समुदायको जनजीविकालाई दिगो बनाउन अमूर्त साँस्कृतिक सम्पदा अत्यावश्यक हुन्छ ।** पुस्तौँदेखि कायम रही विस्तारित हुँदै आएका स्थानीय ज्ञान, सिप, र अभ्यासहरूले धेरै मानिसहरूलाई जीवन निर्वाहका लागि जीवनवृत्ति प्रदान गर्दछन् । उदाहरणका लागि इस्टोनियाका कृषक परिवारले भेंडा पाल्ने एवं प्रकृति र स्थानीय परम्परासंगत हुने गरी ऊन प्रशोधन गर्ने गर्दछन् । यसप्रकारको जीवनशैलीले उनीहरूलाई जीविकाको स्रोत र पहिचान प्रदान गर्दछ । उनीहरू बुनाई व्यवसायीका लागि धागो काढ्ने, ऊनीका लुगाहरू बनाउने, र भेंडाको बोसोबाट मैन तथा साबुन बनाउने गर्दछन् । जीविकोपार्जनका यस्ता अभ्यासहरू समुदायको समृद्धिका लागि अत्यन्तै महत्वपूर्ण छन् र स्थानीयस्तरमा गरिबीका विरूद्ध प्रतिरक्षाका उपायहरू समेत बनेका छन् । खेतीपातीसँग सम्बन्धित अभ्यास तथा प्राकृतिक स्रोत व्यवस्थापन प्रणाली जस्ता थुप्रै अन्य अभ्यासहरूका हकमा पनि यहि कुरा सत्य भएको पाइन्छ ।



© २००८ बाटिक म्युजियम इन्स्टिच्युट, पेकालोंगना गौरा म्यानककरीलादीपुरा



© २००८ बाटिक म्युजियम इन्स्टिच्युट, पेकालोंगना गौरा म्यानककरीलादीपुरा

**अमूर्त साँस्कृतिक सम्पदाले राजश्व र गरिब र कमजोरहरू लगायत विस्तृत क्षेत्रका व्यक्तिहरूका लागि मर्यादित कामको सृजना गर्दछ ।** उदाहरणका लागि, परम्परागत शिल्पकला समूह, समुदाय र व्यक्तिहरूका लागि नगद वा जिन्सी आम्दानीको मुख्य स्रोत हो जुन नहुँदा उनीहरू आर्थिक प्रणालीको किनारामा पर्दछन् । यसले शिल्पकार र उनीहरूका परिवारका लागि मात्रै नभई हस्तकला सामाग्रीहरूको ओसारपसार र बिक्री वा कच्चा पदार्थको संकलन र उत्पादनमा संलग्न व्यक्तिहरूका लागि समेत आम्दानीको सृजना गर्दछ । यस्ता क्रियाकलापहरू अक्सर गरेर परिवार र समुदायको संरचनामा सञ्चालन गरिने भएकोले कार्यस्थलमा सुरक्षा र अपनत्वको भावना

*पुस्तौं देखि कायम रही विस्तारित हुँदै आएका स्थानीय ज्ञान, सिप, र अभ्याससहरूले धेरै मानिसहरूलाई जीवन निर्वाहका लागि जीविका प्रदान गर्दछन् । अमूर्त साँस्कृतिक सम्पदाले राजश्व र गरिब र कमजोरहरू लगायत विस्तृत क्षेत्रका व्यक्तिहरूका लागि मर्यादित कामको सृजना गर्दछ ।*



© २००८ बाटिक म्युजियम इन्स्टिच्युट, पेकालोंगन। गौरा म्यानककरीलादीपुरा

प्रदान गर्दै यिनीहरूले सम्मानजनक कामको सृजना गर्दछन्; समुदायको पहिचानसँग नजिकबाट गाँसिएको हुनाले तिनीहरूलाई सम्मानित कामका रूपमा हेरिन्छ । प्रस्तुति कला, चाडपर्वमा आयोजना गरिने कार्यक्रमहरू तथा अमूर्त साँस्कृतिक सम्पदाका अन्य अभिव्यक्तिहरूले महिला र युवा लगायत विस्तृत रूपमा समुदायका सदस्यहरूलाई आर्थिक विकासमा समेट्दछन् ।

**जीवन्त सम्पदाका रूपमा अमूर्त साँस्कृतिक सम्पदा विकासका लागि नविनताको मुख्य स्रोत बन्न सक्छ ।** परिवर्तन हुँदै गर्दा समुदाय र समूहले पनि निरन्तररूपमा सोही अनुसार नयाँ कुराहरूको सृजना गरिरहन्छन् । अमूर्त साँस्कृतिक सम्पदा स्थानीय तथा विश्वव्यापी रूपमा रूपान्तरणमूखी विकासलाई सहज बनाउने रणनैतिक स्रोत हो । पुराना आवश्यकताहरू अनुकूल हुने गरी नयाँ सामाग्रीहरूलाई सुधार गर्न सकिन्छ । उदाहरणका लागि, साँस्कृतिक हस्तान्तरणका समय-परिक्षित प्रणालीहरू अनुकूल हुने गरी सूचना तथा सञ्चार प्रविधिहरू परिवर्तन गरिए जस्तै निश्चित कच्चा पदार्थहरूको अभाव हुँदा नयाँ चुनौतिहरूको सामना गर्न पुराना सिपहरू प्रयोगमा आउन सक्छन् ।

**अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित पर्यटन गतिविधिहरूबाट समुदायले लाभ लिन सक्छन् ।** परम्परा, चाडपर्वमा आयोजना गरिने कार्यक्रमहरू, प्रस्तुति कला, परम्परागत हस्तकलासँग सम्बन्धित सिप र अमूर्त साँस्कृतिक सम्पदाका अन्य क्षेत्रहरूमा भएका विविधताहरूको खोज राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा पर्यटकहरू आकर्षण गर्नका लागि शक्तिशाली उपाय हो । जीवन्त सम्पदा र सम्बन्धित जनमानसका साथसाथै नैतिक आचरण र जिम्मेवारीको सिद्धान्तलाई सम्मान गरेको खण्डमा यी पर्यटकीय गतिविधिहरूले समुदायमा गौरवताको भाव जगाउँदै आयआर्जन र रोजगारीको सृजनालाई प्रोत्साहित गर्दछन् । वास्तवमा, पर्यटनले सम्पदाप्रति सम्मान नगर्ने हो भने त्यसले सम्पदालाई नै जोखिममा पार्न सक्छ । धेरै सन्दर्भहरूमा अत्याधिक व्यापारिक क्रियाकलापहरूका कारण यसको अर्थ र समुदायका लागि यसको उद्देश्यमा नै असर पुग्ने गरी परिवर्तन आउनु यसको एउटा ज्वलन्त उदाहरण हो । त्यसैले राज्यद्वारा होस् वा जनस्तर वा नीजि संगठनहरूद्वारा सञ्चालित पर्यटकीय गतिविधिहरूले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण र सम्बन्धित जनमानसको अधिकार, आकांक्षा र इच्छाहरूप्रति सम्मान प्रकट गर्नु अत्यावश्यक हुन्छ । सम्बद्ध समुदाय उनीहरूको सम्पदासँग सम्बन्धित कुनै पनि पर्यटनको प्रमुख लाभग्राही हुनुपर्छ र यसको व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । नैतिक तथा अमूर्त साँस्कृतिक सम्पदा संवेदनशील पर्यटनले पर्यटकहरू सहित पर्यटन गतिविधिमा संलग्न सबैको व्यवहारलाई मार्गदर्शन गर्दै यो सम्पदामा पर्न सक्ने कुनै पनि संभावित असरहरूलाई टाढै राख्न सक्नु पर्छ ।

## शान्ति र सुरक्षा

दिगो विकासका लागि द्वन्द्व, विभेद र सबैप्रकारका हिंसाहरूबाट मुक्ति लगायत शान्ति र सुरक्षा अपरिहार्य तत्व हुन् । यी महत्वपूर्ण आवश्यकताहरू पुरा गर्नका लागि मानव अधिकारप्रति सम्मान, प्रभावकारी न्यायप्रणाली, समावेशी राजनैतिक पद्धति र द्वन्द्व रोकथाम र समाधानको उपयुक्त प्रणाली आवश्यक हुन्छ । शान्ति र सुरक्षा प्राकृतिक स्रोतहरूसम्म स्थानीय मानिसहरूको न्यायोचित पहुँच र नियन्त्रणका साथै बिना कुनै भेदभाव वा वहिष्करण भूमी माथि उनीहरूको हकअधिकारको सुरक्षामा निर्भर रहन्छ ।

अमूर्त साँस्कृतिक सम्पदाका विविध अभ्यास, प्रतिनिधत्व र अभिव्यक्तिहरूको मुख्य उद्देश्य शान्तिपूर्ण स्थिति बनाइराख्नु तथा शान्ति निर्माण गर्नुका साथै संवाद तथा आपसी समझदारीको प्रबर्द्धन गर्नु हो । संरक्षण गतिविधिहरू आफैले पनि शान्ति निर्माणमा योगदान पुऱ्याउन सक्छन् । अमूर्त साँस्कृतिक सम्पदा र यसप्रकारका संरक्षण गतिविधिहरूले समुदाय, राज्य र विकासका सबै कर्ताहरूलाई समावेशी सहभागिता, शान्तिपूर्ण सह-आवास, झैझगडाको रोकथाम वा समाधान र दिगो सुरक्षा र शान्ति निर्माण तर्फ साँस्कृतिक हिसावले उपयुक्त पदमार्ग पहिल्याउनका लागि अनुमति दिन्छन् ।

**मूलभूत रूपमा धेरै जसो अमूर्त साँस्कृतिक सम्पदा अभ्यासहरू शान्तिको प्रबर्द्धनकै लागि हुन्छन् ।** सन् १२३६ मा साउण्डिएटा केइटाले संस्थागत गरेको माली साम्राज्यको संविधान –द म्याण्डेन चार्टर अफ माली एक उदाहरण हो । मानव अधिकार सम्बन्धी विश्वकै सबैभन्दा पहिलो अधिकार पत्रहरू मध्ये एक यो चार्टरले विविधतायुक्त सामाजिक शान्ति, मानव प्राणीको अनुलङ्घनीयता, राजियाद्वार गरिएको दासताको उन्मूलन, र अभिव्यक्ति तथा व्यापार व्यवसायको स्वतन्त्रता जस्ता मूल्यहरूको वकालत गर्दछ । यसको सृजनाकाल देखि नै निरन्तर मौखिक रूपमा हस्तान्तरण गरिएका उक्त चार्टरका शव्द र योसँग सम्बन्धित रीतिरिवाजहरूलाई मालींके जनताले प्रेमपूर्वक पालना गरिरहेका छन् । स्थानीय तथा राष्ट्रिय अधिकारीहरू खास गरेर परम्परागत अधिकारीहरू (अख्तियार) जसले यो चार्टरलाई कानून र प्रेम, शान्ति र भातृत्वको स्रोतका रूपमा हेर्दछन्, उनीहरूले कंगावा भन्ने मालीको एक गाउँमा ऐतिहासिक भेलाको सम्मानमा बार्षिक उत्वसहरूको आयोजना गर्दछन् । अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरूले विश्वभर शान्तिका मूल्यहरूको प्रबर्द्धन एवं संरक्षण गर्ने काम गर्दछन् ।



© २००३ डिएनपीसी

**अमूर्त साँस्कृतिक सम्पदाले झैझगडा रोकथाम वा समाधान गर्नमा मद्दत पुऱ्याउन सक्छ ।** संसारभर संवाद, द्वन्द्व समाधान र मेलमिलापका स्थानीय सामाजिक अभ्यासहरूले समाजमा निर्णायक भूमिका खेल्दछन् । विशिष्ट सामाजिक तथा वातावरणीय परिवेशहरूलाई सम्बोधन गर्न, साझा स्थल एवं प्राकृतिक स्रोतहरूसम्मको पहुँचलाई नियमन गर्नका साथै मानिसहरूलाई शान्तिपूर्ण रूपमा एकैठाउँमा जीवनयापन गर्नका लागि सहजीकरण गर्न शताव्दीऔँ देखि सृजना गरिएका यस्ता प्रणालीहरू अनौपचारिक वा ज्यादै परिष्कृत हुनसक्छन् । उदाहरणका लागि, तरकारी, फलफूल र फलहरूका लागि प्रसिद्ध स्पेनको मर्सिया र भ्यालेन्सिया भन्ने अर्ध-सुख्खा क्षेत्रहरूमा कृषिजन्य यी उत्पादनहरूका लागि अपरिहार्य पानीको वितरण तथा सिँचाईं व्यवस्थापन प्रणालीसँग सम्बन्धित झैझगडालाई मिलाउन किसानहरूले सामुदायिक न्यायधिकरणको सहायता लिन्छन् । मर्सियाका बुद्धिजिवीहरूको परिषद र भ्यालेन्सियाको पानी न्यायधिकरणकाबीच फैसला सुनाउनका लागि हरेक विहिवार बैठक बस्छ; उक्त फैसलालाई समतामूलक र विवेकशील मानिन्छ जसको कानूनी वैधता अन्य नागरिक अदालतको सरह हुन्छ । प्रजातान्त्रिक विधिबाट निर्वाचित वा चिट्ठाका आधारमा छानिएका किसानहरू, न्यायधिकरणका सदस्यहरू हुन्छन् । कुनै पनि मुद्दाहरूको फैसला गर्दा उनीहरू कृषि, सिँचाइ र वादीप्रतिवादीहरूका प्रतिस्पर्धात्मक दावीहरूलाई मध्यस्थता गर्ने स्थानीय प्रथाहरू सम्बन्धी उनीहरूको ज्ञानमा भर पर्दछन् । सम्बद्ध समुदायले स्वीकार गरेको समावेशी तरिकाले द्वन्द्व रोकथाम तथा समाधान गरी शान्ति र सुरक्षा कायम गर्नका लागि चाहिने समुदायको क्षमताका लागि यसप्रकारका अमूर्त साँस्कृतिक सम्पदा सामाजिक अभ्यासहरूको निरन्तर जीवन्तता महत्वपूर्ण हुन्छ ।

**अमूर्त साँस्कृतिक सम्पदाले शान्ति र सुरक्षाको पुनर्स्थापनामा योगदान पुऱ्याउन सक्छन् ।** उदाहरणका लागि शान्ति र मेलमिलापको संस्कारमा दुई पक्षहरू – व्यक्ति, परिवार वा समुदायहरू जोसुकै भएपनि – उनीहरूकाबीच शान्ति पुनःस्थापना गर्ने सामाजिक शक्ति हुन्छ । अहिंसाकालागि प्रतिबद्धताको सन्देश दिन र सम्बन्धहरूलाई रूपान्तरण गर्न शान्तिको संस्कारलाई सांकेतिक रूपमा प्रयोग गर्न सकिन्छ । मानिसहरूलाई एकअर्कासँग सम्बन्धित गर्न तथा उनीहरूलाई असमझदारी, प्रतिद्वन्द्विता, घृणा र हिंसाबाट माथि उठ्न सबल बनाउँछन् ।

**अमूर्त साँस्कृतिक सम्पदा संरक्षण दिगो शान्ति र सुरक्षाको साधन पनि हो ।** अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित संरक्षण गतिविधिहरू जब समावेशी हुन्छन्, आदिवासी जनता, प्रवासी, आप्रवासी, शरणार्थी, विभिन्न उमेर तथा लिङ्गका मानिसहरू, अपाङ्गता भएका व्यक्ति



© २००८ श्रिएमपीसी

*संसारभर सम्बाद, द्वन्द्व समाधान र मेलमिलापका स्थानीय सामाजिक अभ्यासहरूले समाजमा निर्णायक भूमिका खेल्दछन् । विशिष्ट सामाजिक तथा वातावरणीय परिवेशहरूलाई सम्बोधन गर्न, साझा स्थल एवं प्रकृतिक स्रोतहरूको पहुँचलाई नियमन गर्नका साथै मानिसहरूलाई शान्तिपूर्ण रूपमा एकैठाउँमा जीवनयापन गर्नका लागि सहजीकरण गर्न शताव्दीऔ देखि यस्ता प्रणालीहरू सृजना गरिएका छन् ।*

र सीमान्तकृत समूहका सदस्यहरू लगायत समुदाय, समूह र व्यक्तिहरूलाई एकैठाउँमा ल्याउन तिनीहरू शक्तिशाली प्रेरक बल बन्छन् । प्रजातान्त्रिक शासनका लागि र मानव अधिकारको सम्मानका लागि तिनीहरूले दिने योगदानका माध्यमबाट अमूर्त साँस्कृतिक सम्पदा गतिविधिहरूले साझा मूल्यहरूको आदानप्रदान एवं हस्तान्तरण, साझा पहिचान तथा आत्मसम्मानको भावनालाई बलियो बनाउनुका साथै रचनात्मक तथा आर्थिक विकासका लागि नयाँ अवसरहरूको सृजना गर्ने जस्ता शान्ति र सुरक्षाका महत्वपूर्ण कारकतत्वहरूको प्रबर्द्धन गर्दछन् । द्वन्द्वोत्तर परिस्थितिमा संरक्षण गतिविधिहरूले पुनःस्थापना तथा साझा स्मृतिहरूको आदानप्रदान गर्ने परियोजनासँग सम्बन्धित विभिन्न पक्षहरूलाई समेत एकै ठाउँमा ल्याउँछन् । जीवन्त सम्पदा अभ्याससँग सम्बन्धित अन्तरसाँस्कृतिक संवाद तथा साँस्कृतिक विविधताको सम्मानका माध्यमबाट तिनीहरूले मेलमिलापको प्रबर्द्धन गर्दछन् र यसरी समाज भित्र शान्ति र सुरक्षा पुनःस्थापन गर्न प्रभावकारी तथा दिगो उपाय निर्माण गर्दछन् ।



© ट्राइवुनल डी लस अगाउस डि ला भेगा डि भ्यालेन्सिया

*समयात्रममा संकलित ज्ञान तथा अभ्यासहरूलाई प्राकृतिक स्रोतको दिगो प्रयोग र जलवायु परिवर्तनका असरहरूलाई कम गर्न प्रयोग गरिएको छ । अमूर्त साँस्कृतिक सम्पदाले यसरी जैविक विविधता संरक्षण गर्न सहयोग गर्न सक्छ र वातावरणीय दिगोपनामा योगदान पुऱ्याउन सक्छ ।*



© ट्राइवुनल डी लस अगाउस डि ला भेगा डि भ्यालेन्सिया





© एनजीओ मामिलान







अमूर्त
साँस्कृतिक
सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

© माइस मिनिस्टेरियो डि कल्चरा

